# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**कार्तिक २०६२**

***www.nrb.org.np***

# कार्यकारी सारांश

## मौद्रिक स्थिति

१. आर्थिक बर्ष २०६२।६३ को पहिलो महिनामा दुवै मौद्रिक योगाङ्कहरुको विस्तारमा ह्रास आएको छ । मौद्रिक क्षेत्रको श्री ५ को सरकार माथिको दावी, सरकारी वित्तीय तथा गैर वित्तीय संस्थान र निजी क्षेत्र माथिको दावी समेत घटेको कारण मौद्रिक योगाङ्कहरुको विस्तारमा गिरावट अएको हो ।

## शेयर बजार गतिविधि

२. वार्षिक विन्दुगत आधारमा नेप्से परिसूचक २४.२ प्रतिशतले वृद्धि भई २०६२ श्रावण मसान्तमा ३००.१ पुगेको छ । शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरण जस्ता शेयर बजारका अन्य सूचकहरुमा पनि वृद्धि भएको छ ।

## मूल्य स्थिति

३. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६१ श्रावणमा २.४ प्रतिशतले बृद्धि भएकोमा २०६२ श्रावणमा ७.३ प्रतिशतले बढेको छ । चामल उप-समूहको मूल्य वृद्धिको साथै २०६१ पौष अन्तिम साता देखि पेट्रोलियम पदार्थको मूल्यमा भएको बृद्धिको प्रभावले गर्दा मूल्य सूचकाङ्क गत वर्षको तुलनामा समीक्षा अवधिमा बढी दरले बृद्धि भएको हो ।

४. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६२ श्रावण महिनामा ९.३ प्रतिशतले बृद्धि भएको छ। गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ६.८ प्रतिशत रहेको थियो ।

## सरकारी वित्त स्थिति

५. नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्षको पहिलो महिनामा ६.२ प्रतिशतले बढेकोमा यस वर्ष १५.० प्रतिशतको उच्च दरले बढेर रु. ३ अर्ब ५१ करोड पुगेको छ ।

६. गत वर्ष ५२.० प्रतिशतको उच्च दरले वृद्धि भएको गैरऋण साधन (राजस्व, गैरबजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष २७.७ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष बाह्य अनुदान उत्साहजनक रुपमा प्राप्त भएता पनि सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजस्व कम दरले बृद्धि भएकोले गैर ऋण साधन कम दरले बृद्धि भएको हो ।

७. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर अधिक रहेको कारण २०६२ श्रावण मसान्तसम्ममा बजेट बचत रु. ३ अर्ब १९ करोड रहेको छ । गत वर्ष यस अवधिमा रु. २ अर्ब १९ करोड बचत रहेको थियो । २०६२ श्रावण मसान्तमा सरकारको खातामा रु. ३ अर्ब ५० करोड नगद बचत रहेको छ ।

८. यस अवधिमा श्री ५ को सरकारको बजेट बचत रहेका कारण श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६२ आषाढको रु. ९० अर्ब १ करोडबाट २०६२ श्रावण मसान्तमा रु. ८६ अर्ब ५६ करोडमा झरेको छ ।

## वैदेशिक व्यापार

९. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६२/६३ को पहिलो महिनामा कुल निर्यात र कुल आयात दुवै क्रमश १५.६ प्रतिशत र ३४.४ प्रतिशतले बढेका छन् । निर्यातको तुलनामा आयातको बृद्धि अधिक रहेको कारणले गर्दा कुल व्यापार घाटा ४९.५ प्रतिशतले बृद्धि भएको छ ।

१०. कुल व्यापारमा भारतको अंश गत बर्षको ६४.३ प्रतिशतबाट यस बर्ष ६३.२ प्रतिशतमा झरेको छ ।

## शोधनान्तर स्थिति

११. मौद्रिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०६२।६३ को पहिलो महिनामा रु. ४२ करोड ७५ लाख शोधनान्तर बचत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा रु २ अर्ब ६६ करोड शोधनान्तर घाटा थियो । खुद सरकारी ऋण र रेमिट्यान्स आप्रवाहमा वृद्धि भएकोले यस अवधिमा शोधनान्तर बचत भएको हो ।

## विदेशी विनिमय संचिति

१२. २०६२ श्रावण मसान्तमा कुल विदेशी विनिमय संचिति ४.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३२ अर्ब २४ करोड पुगेको छ । परिवर्त्य बिदेशी विनिमय संचिति ८.८ प्रतिशतले वृद्धि भएको छ । अपरिवर्त्य मुद्राको संचिति भने ४०.० प्रतिशतले घटेको छ । खासगरि बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण परिवर्त्य संचिति बढेको हो ।

१३. यस वर्षको पहिलो महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले ९.८ महिनाको वस्तु आयात र ८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

१४. अर्न्तराष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ श्रावण मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४५.१३ रहेकोमा २०६२ श्रावण महिनामा अमेरिकी डलर ६६.७ पुगेको छ । यसै गरी सुनको मूल्य २०६१ श्रावण मसान्तको प्रतिऔंस अमेरिकी डलर ४०१.६५ बाट २०६२ श्रावण मसान्तमा अमेरिकी डलर ४४३.५ पुगेको छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

१. आर्थिक बर्ष २०६२।६३ को पहिलो महिनामा विस्तृत मुद्रा प्रदाय तथा संकुचित मुद्रा प्रदाय दुवै घटेका छन् । गत बर्षको पहिलो महिनामा केहि संकुचन देखिएको खुद वैदेशिक सम्पत्तिमा सिमान्त दरमा वृद्धि भएको भएतापनि श्री ५ को सरकार र वित्तीय तथा गैर-वित्तीय सरकारी संस्थानहरुमा प्रवाह हुने कर्जा गत बर्ष भन्दा केहि उच्च दरले घटेको तथा निजी क्षेत्रमा प्रवाहित कर्जामा समेत सिमान्त रुपमा कमी आएको कारण कुल आन्तरिक कर्जा प्रवाह घटेको हो ।

२. आर्थिक बर्ष २०६२।६३ को प्रथम महिनामा विस्तृत मुद्रा प्रदाय ०.३ प्रतिशतले घटी रु २९९ अर्व ४१ करोडमा सीमित भएको छ । गत बर्ष विस्तृत मुद्रा प्रदाय १.२ प्रतिशतले घटेको थियो । त्यसैगरी संकुचित मुद्रा प्रदाय यस अवधिमा ४.५ प्रतिशतले घटी रु. ९५ अर्व ६८ करोडमा झरेको छ । मौद्रिक क्षेत्रको श्री ५ को सरकार माथिको दावी, सरकारी वित्तीय तथा गैर वित्तीय सस्थान र निजी क्षेत्र माथिको दावी समेत घटेको कारण मुद्रा प्रदाय गत बर्षको तुलनामा घटेको हो ।

३. मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने खुद वैदेशिक सम्पत्ति गत बर्ष २.४ प्रतिशतले संकुचित भएकोमा चालु आर्थिक बर्षको प्रथम महिनामा ०.४ प्रतिशत (रु. ४३ करोड) को सिमान्त दरले बढेको छ । यस अवधिमा वैदेशिक अनुदान तथा ऋणमा बृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति सीमान्त रुपमै भए पनि बढेको छ ।

४. मुद्रा प्रदायको अर्को विस्तारकारी कारक मौद्रिक क्षेत्रको आन्तरिक कर्जाको ह्रासको दर गत बर्षको तुलनामा उच्च रहेको छ । श्री ५ को सरकारमाथिको मौद्रिक क्षेत्रको खुद दावी ४.९ प्रतिशतले घटेको छ । सरकारी खर्चको तुलनामा श्री ५ को सरकारको गैरऋण साधन परिचालन उच्च रहेको फलस्वरुप समीक्षा अवधिमा श्री ५ को सरकारको राष्ट्र बैक सँग नगद बचत रहेको हुदाँ श्री ५ को सरकारमाथिको दावी घटेको हो । त्यसैगरी समीक्षा अवधिमा गैर वित्तीय सरकारी संस्थाहरुमाथिको मौद्रिक क्षेत्रको दावी गत बर्ष ३५.१ प्रतिशतले वृद्धि भएको विपरित यस बर्ष १६.४ प्रतिशतले गिरावट आएको छ । सरकारी वित्तीय संस्थानहरुमाथिको दावी गत बर्ष १.० प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले घटेको छ । नेपाल औद्योगिक विकास निगमले राष्ट्र बैंकको केही ऋण भुक्तानी गरेको र ग्रामीण विकास बैकहरूले वाणिज्य वैंकहरूबाट लिएको ऋण केही भुक्तानी गरेकोले सरकारी वित्तीय संस्थानहरू माथिको दावी घटेको हो ।

५. मौद्रिक क्षेत्रवाट प्रवाह हुने कर्जाको सवैभन्दा महत्वपूर्ण अंश निजी क्षेत्रमाथिको दावी गत बर्ष १.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा सीमान्त रुपमा ०.२ प्रतिशतले घटी रु. १९६ अर्व ७१ करोडमा सीमित भएको छ । एकातर्फ आर्थिक शिथिलताले गर्दा निजी क्षेत्रको कर्जा माग बढन नसकेको र अर्को तर्फ कालोसूची सम्वन्धि परिवर्तित व्यवस्थाले गर्दा कर्जा भुक्तानी बढन गएकोले समीक्षा अवधिमा निजी क्षेत्र तर्फ प्रवाहित कुल कर्जामा कमी आएको हो ।

६. यसप्रकार श्री ५ को सरकार, सरकारी वित्तीय तथा गैर वित्तीय संस्थानमाथिको दावीका साथै निजी क्षेत्रमाथिको दावीमा समेत कमी आएको कारण कुल आन्तरिक कर्जाको वृद्धिदर गत वर्ष ०.१ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा १.८ प्रतिशतले घटी रु. २७९ अर्व ७८ करोडमा सीमित भएको छ ।

७. विस्तृत मुद्राप्रदायको प्रमुख अंशको रुपमा रहेको बैकिगं क्षेत्रको आवधिक निक्षेप गत वर्ष १.६ प्रतिशतले वढेको तुलनामा समीक्षा अवधिमा १.७ प्रतिशतले बढेको छ । रेमिट्यान्स आप्रवाह संतोषजनक नै रहेका कारण आवधिक निक्षेप सीमान्त रुपमा बढेको हो ।

८. मुद्रा प्रदायमा संकुचनकारी प्रभाव पार्ने बैंकिङ्ग क्षेत्रको खुद अमौद्रिक दायित्व भने यस अवधिमा ४.१ प्रतिशतले घटी ८९ अर्ब २४ करोड रहेको छ । गत वर्ष खुद अमौद्रिक दायित्व ०.७ प्रतिशतले बृद्धि भएको थियो । वाणिज्य वैंकको गैर-वित्तीय संपत्ति बढेको कारण खुद अमौद्रिक दायित्वमा गिरावट आएको हो । खुद अमौद्रिक दायित्व घटेको भएपनि कुल आन्तरिक कर्जा प्रवाह संकुचित भएको कारण खुद आन्तरिक सम्पत्ति गत वर्षको ०.४ प्रतिशत ह्रासको तुलनामा यस वर्ष ०.८ प्रतिशतले घटेको छ ।

९. मुद्रा प्रदायका दुई प्रत्यक्ष कारकहरुमध्ये समीक्षा वर्षमा संचित मुद्राको वृद्धिदरमा कमी आएको छ भने मुद्रा गुणकहरु बढ्ेका छन् । संचित मुद्रा गत वर्ष ७.० प्रतिशतले घटेकोमा समीक्षा अवधिमा थप ६.५ प्रतिशत ले घट्न गएको छ । स्रोततर्फ नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिको वृद्धिमा आएको कमी र मागतर्फ बाणिज्य बैंकहरुले अधिक तरलताको मागमा कमी ल्याएकोले संचित मुद्राको वृद्धिदरमा कमी आएको हो ।

१०. गत वर्ष झै मुद्रा गुणकहरु समीक्षा अवधिमा पनि बढेका छन् । संकुचित मुद्रा प्रदायको मुद्रा गुणक २.२ प्रतिशतले बढी १.०६ र विस्तृत मुद्रा प्रदायको मुद्रा गुणक ६.६ प्रतिशतले बढेर ३.३२ पुगेको छ । बाणिज्य बैंकहरुले आफनो अधिक तरलतामा कमी ल्याएकोले मुद्रा गुणक बढेका हुन ।

## मुद्रा वजारको गतिविधि

११. चालु आर्थिक वर्षको पहिलो महिनामा गत वर्षको यसै अवधिको तुलनामा वाणिज्य बैंकहरुसँग रहेको अधिक तरलतामा उल्लेख्य कमी आएको कारण गत वर्ष ०.६ प्रतिशत रहेको भारित औषत ट्रेजरी विल्स दर चालु आर्थिक वर्षको प्रथम महिनामा २.३ प्रतिशत पुगेको छ । त्यसैगरी भारित औसत आन्तरिक कारोवारदर गत बर्षको प्रथम महिनामा १.०१६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.४६८ प्रतिशत कायम रहेको छ । उपरोक्त परिस्थितिलाई मध्यनजर गर्दै आर्थिक बर्ष २०६२।६३ को प्रथम महिनामा नेपाल राष्ट्र वैंकले विदेशी मुद्रा बजारमा हस्तक्षेप गरी रु १ अर्व ७० करोड बराबरको अमेरिकी डलर खरिद गरी मुद्रा बजारमा सो बराबरको थप तरलता प्रवाह गर्‍यो ।

## शेयर बजार गतिविधि

१२. २०६१ श्रावण मसान्तमा २४१.५१ विन्दुमा रहेको नेप्से परिसूचक यस वर्षको सोही महिनामा ५८.५४ बिन्दु (२४.२ प्रतिशत) ले वृद्धि भई ३००.०५ पुगेको छ । ब्याजदरमा कमी, अपर्याप्त वैकल्पिक लगानीका अवसरहरु, वाणिज्य बैंकहरुको मुनाफामा वृद्धि र निरन्तर रुपमा निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि भएकोले नेप्से परिसूचक बढेको हो । शेयर बजारका अन्य सूचकहरु शेयर मूल्य, सूचीकृत भएका कम्पनीहरुको संख्या र बजार पूँजीकरण समेतमा पनि वृद्धि भएको छ ।


१३. २०६१ साल श्रावण महिनाको तुलनामा २०६२ साल श्रावणमा संख्यात्मक शेयर कारोबारमा सामान्य बृद्धि भएको भएतापनि रकमगत कारोवारमा उल्लेखनीय ह्रास भएको छ । २०६२ श्रावण महिनामा गत वर्षको सोही महिनाको तुलनामा संख्यात्मक शेयर कारोवार ५.२ प्रतिशत वृद्धि भएको छ भने सोही अवधिमा रकमगत् कारोवारमा भने ५७.२ प्रतिशतले गिरावट आएको छ । बिकास बैंक, बीमा कम्पनी र बित्त कम्पनी समूहहरुको कारोवारमा उत्साहजनक वृद्धि भएतापनि शेयर बजार कारोबारमा प्रमुख अंश ओगटेको वाणिज्य बैंक समूहको दोश्रो बजार कारोवारमा गिरावट आएको छ ।

१४. नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०६१ श्रावण महिनामा सूचीकृत कम्पनीहरुको संख्या ११५ रहेकोमा यस वर्षको सोही अवधीमा सो संख्या ८.७ प्रतिशतले बढी १२५ पुगेको छ । सूचीकृत कम्पनीहरुको संख्यामा वृद्धि भएअनुरुप २०६१ श्रावण महिनाको तुलनामा २०६२ श्रावणमा ती

कम्पनीहरुको चुक्ता पूँजी ३४.० प्रतिशतले वृद्धि भई रु १६ अर्ब ७८ करोड पुगेको छ। बैंक, वित्त कम्पनीहरु तथा बीमा कम्पनीहरुले नयाँ शेयर सूचीकृत गरेका तथा लाभप्रद शेयर जारी गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो । गत वर्षको श्रावण महिनाको शेयर कारोबारमा ७८ वटा कम्पनीहरु संलग्न रहेकोमा यस वर्ष यस्ता कम्पनीहरुको संख्या ११.५ प्रतिशतले बढी ८७ वटा पुगेका छन्। समीक्षा महिनामा सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण ३८.८ प्रतिशतले वृद्धि भई रु. ६४ अर्ब २४ करोड पुगेको छ।

## शेयर कारोवारमा समूहगत योगदान

१५. २०६२ श्रावण महिनामा रु. २८ करोड ९३ लाख मूल्यका ८८ लाख ६६ हजार कित्ता शेयरहरु खरीद बिक्री भएका छन्। गत वर्षको सोही अवधिमा रु. ६७ करोड ६३ लाख मूल्यका ८४ लाख ३२ हजार कित्ता शेयर खरीद बिक्री भएका थिए। २०६२ श्रावणमा शेयरको कुल कारोवार रकममा समूहगत् रुपमा वाणिज्य बैंकको (८४.९ प्रतिशत), वित्त कम्पनीहरुको (८.८ प्रतिशत), बीमा कम्पनीहरुको (४.४ प्रतिशत) र विकास बैंकहरुको (१.३ प्रतिशत) सकारात्मक योगदान रहेको छ भने गत वर्ष यिनीहरुको योगदान क्रमशः ९७.५ प्रतिशत, १.७ प्रतिशत, ०.४ प्रतिशत र ०.२ प्रतिशत रहेको थियो । यस वर्षको शेयर बजारको कारोबार मूल्यमा वाणिज्य बैंक समूहको योगदान गत बर्षको तुलनामा ६२.७ प्रतिशतले घटेको छ।




## मूल्य स्थिति

### शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

१६. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क २०६२ श्रावणमा ७.३ प्रतिशतले बढेको छ । २०६१ श्रावणमा यस्तो बृद्धिदर २.४ प्रतिशत मात्र रहेको थियो ।२०६१ श्रावणमा १५९.१ विन्दुमा रहेको समग्र मूल्य सूचकाङ्क २०६२ श्रावणमा १७०.७ विन्दुमा पुगेको छ। चामल उप-समूहको मूल्यमा वृद्धि भएको कारणबाट अन्न तथा अन्नबाट बनेका परिकारहरुको मूल्य सूचकाङ्कमा चाप पर्न गएको साथै २०६१ पौष अन्तिम हप्तादेखि पेट्रोलियम पदार्थको मूल्यमा भएको बृद्धिको प्रभाव घरायसी सामान तथा सेवा, यातायात तथा संचार र रेष्टुराँको खानाको मूल्यमा पर्न गइ मूल्य सूचकाङ्क गत वर्षको तुलनामा समीक्षा अवधिमा बढी दरले बृद्धि हुन गएको हो । रेष्टुराँको खाना, शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन, पेय पदार्थ, मासु, माछा तथा फुल, एवं चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भएको बृद्धिले समेत मूल्य सूचकाङ्कको बृद्धिमा थप चाप परेको छ।

१७. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्ष २.८ प्रतिशतले बढेकोमा यस वर्ष ६.६ प्रतिशतले बढेको छ । अन्न तथा अन्नबाट बनेका परिकारहरु, रेष्टुराँको खाना, पेय पदार्थ, माछा-मासु तथा फुल, चिनी तथा चिनीजन्य पदार्थ एवं दूध तथा दुग्ध पदार्थको मूल्य बढेको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क बढेको छ । यस समूह अन्तर्गतका उप-समूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (१३.३ प्रतिशत); अन्न तथा अन्नबाट बनेका परिकारहरु (११.० प्रतिशत); पेय पदार्थ (१०.१ प्रतिशत); रेष्टुराँको खाना (८.६ प्रतिशत); दलहन (५.३ प्रतिशत); मासु, माछा तथा फुल (४.३ प्रतिशत); दूध तथा दुग्ध पदार्थ (३.८ प्रतिशत) एवं तरकारी तथा फलफूल (२.१ प्रतिशत)को मूल्यमा वृद्धि हुन गएको छ भने मरमसला (४.८ प्रतिशत) र तेल तथा घ्यू (२.७ प्रतिशत)को मूल्यमा ऱ्हास आएको छ ।

१८. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ८.० प्रतिशतले बढेको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क २.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट यातायात तथा संचार एवं घरायसी वस्तु तथा सेवाको मूल्यमा उच्च दवाव परेकोले यस समूहको मूल्य सूचकाङ्कमा उच्च दरले वृद्धि भएको हो । यस समूह अन्तर्गतका उप-समूहहरुमा यातायात तथा संचार (१६.० प्रतिशत); घरायसी सामान तथा सेवाहरु (१३.३ प्रतिशत); शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन (५.८ प्रतिशत); सूर्ती तथा सूर्तीजन्य पदार्थ (५.६ प्रतिशत); लत्ता कपडा तथा तयारी लुगा (२.९ प्रतिशत); जुत्ता (२.६ प्रतिशत) र औषधी तथा व्यक्तिगत हेरचाह (२.२ प्रतिशत) सबैको मूल्यमा वृद्धि भएको छ ।

१९. क्षेत्रगत आधारमा, वार्षिक विन्दुगत रुपमा काठमाडौं उपत्यका, तराई र पहाडको मूल्य सूचकाङ्कमा क्रमशः ६.१ प्रतिशत, ७.४ प्रतिशत र ८.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः४.० प्रतिशत, १.८ प्रतिशत र १.३ प्रतिशत मात्र रहेको थियो ।


### राष्ट्रिय थोक मूल्य सूचकाङ्क

२०. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क २०६२ श्रावण महिनामा ९.३ प्रतिशतले बृद्धि भई १३३.५ विन्दुमा पुगेको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ६.७ प्रतिशत रहेको थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा मरमसला, नगदेवाली र लत्ताकपडाको मूल्यमा ऱ्हास आएतापनि चामल उप-समूहको मूल्य वृद्धिबाट खाद्यान्नको मूल्य सूचकाङ्कमा चाप परेको कारण र रसायनिक मल तथा रसायनिक बस्तु एवं पेट्रोलियम पदार्थ र कोइलाको मूल्यमा वृद्धि भएको कारणले यस समूहको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि हुन गएको हो । समूहगत रुपमा कृषि सम्बन्धी बस्तुहरु, स्वदेशमा उत्पादित बस्तुहरु र आयातित बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ९.९ प्रतिशत, ४.० प्रतिशत र ११.७ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति

२१. नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार श्री ५ को सरकारको कुल खर्च गत वर्षको प्रथम महिनामा ६.२ प्रतिशतले बढेकोमा यस वर्ष १५.० प्रतिशतको उच्च दरले बढेर रु. ३ अर्ब ५१ करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. १ अर्ब १४ करोड (३२.५ प्रतिशत), सांवा भुक्तानीतर्फ रु. १६ करोड (४.७ प्रतिशत) र फ्रिजतर्फ रु. २ अर्ब २१ करोड (६३.१ प्रतिशत) रहेको छ ।

२२. गत वर्ष ५२.० प्रतिशतको उच्च दरले वृद्धि भएको गैर ऋण साधन (राजस्व, गैरबजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष २७.७ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ६९ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोत (६७.३ प्रतिशत अंश) को रुपमा रहेको राजस्व गत वर्ष ३३.५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५.५ प्रतिशतले मात्र वृद्धि भई रु. ४ अर्ब ५१ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष रु.२४ करोड मात्र प्राप्त भएकोमा यस बर्ष ४०५.२ प्रतिशतको उत्साहजनक दरले बढी रु. १ अर्ब २३ करोड प्राप्त भएको छ ।





२३. कुल सरकारी खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर अधिक रहेको कारण २०६२ श्रावण मसान्तसम्ममा बजेट बचत रु. ३ अर्ब १९ करोड रहेको छ । गत वर्ष यस अवधिमा रु. २ अर्ब १९ करोड बचत रहेको थियो । साथै, यस वर्ष वैदेशिक नगद ऋण रु. ३० करोड परिचालन भएको हुँदा सो रकमबाट अन्य शीर्षकमा रु. १ करोड मिलान गरी २०६२ श्रावण मसान्तमा सरकारको खातामा रु. ३ अर्ब ५० करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्षको यसै अवधिमा रु. २ अर्ब १९ करोड बचत रहेको थियो ।

२४. यस वर्ष कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप सरकारी खातामा रकम बचत हुन गई २०६२ श्रावण मसान्तमासम्ममा श्री ५ को सरकारको तिर्न बाँकी खुद आन्तरिक ऋण २०६२ आषाढको रु. ९० अर्ब १ करोडबाट २०६२ श्रावण मसान्तमा रु. ८६ अर्ब ५६ करोडमा भरेको छ ।

## वैदेशिक व्यापार

२५. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६२/६३ को प्रथम महिनामा कुल निर्यात १५.६ प्रतिशतले बृद्धि भई रु ५ अर्ब १७ करोड पुगेको छ भने कुल आयात ३४.४ प्रतिशतले बढी रु १३ अर्व ४६ करोड पुगेको छ । फलस्वरुप, कुल व्यापार घाटा ४९.५ प्रतिशतले बढी रु ८ अर्व ३० करोड पुगेको छ । त्यसैगरी कुल व्यापार २८.६ प्रतिशतले बढी रु. १८ अर्व ६३ करोड पुगेको छ । गत बर्षको सोही अवधिमा कुल निर्यात र कुल आयात क्रमशः २२.५ प्रतिशत र ५.८ प्रतिशत बढेको कारण व्यापार घाटा ४.६ प्रतिशतले घटेको थियो । गत वर्षको प्रथम महिनामा कुल व्यापार १०.५ प्रतिशतले बढेको थियो ।

२६. गत बर्ष ३७.३ प्रतिशतले बृद्धि भएको भारततर्फको निर्यात यस बर्ष २३.१ प्रतिशतले बृद्धि भई रु. ३ अर्ब ३७ करोड पुगेको छ । अन्य मुलुकतर्फको निर्यात भने गत बर्ष ४.६ प्रतिशतले बढेकोमा यस बर्ष ३.९ प्रतिशतले बढी रु १ अर्ब ७९ करोडमा सीमित रहेको छ । यस बर्ष भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरुमध्ये चिया, अलैंची, वनस्पति घ्यू, चाउचाउ, प्लाष्टिकका सामान, जुस , जी. आई. पाता, जी. आई. पाइप, पीत्तलको पाता, पोलिष्टर धागो, तयारी पोशाक, रसायन तथा कपडाको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, अदुवा, ढुटोको तेल, एम. एस. पाइप तथा पश्मिनाका सामानहरुको निर्यात घटेको छ । यसैगरी अन्य मुलुकतर्फ पश्मिनाको निर्यात बढेतापनि तयारी पोशाक, ऊनी गलैचा र गरगहनाको निर्यात घटेको छ ।




२७. निर्यात भएका वस्तुहरुको समूहगत संरचना हेर्दा भारततर्फ भएको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः २२.९ प्रतिशत र ७७.१ प्रतिशत रहेकोमा यस बर्ष क्रमशः ३०.३ प्रतिशत र ६९.७ प्रतिशत रहन गएको छ । त्यसैगरी अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः ७.० प्रतिशत र ९३.० प्रतिशत रहेकोमा यस बर्ष क्रमशः ८.१ प्रतिशत र ९१.१ प्रतिशत पुगेको छ ।


२८. गत बर्ष भारतबाट भएको आयात १९.८ प्रतिशतले बढेकोमा यस बर्ष २८.१ प्रतिशतले बृद्धि भएको छ । अन्य मुलुकबाट भएको आयात भने गत बर्ष १३.३ प्रतिशतले घटेकोमा यस बर्ष ४६.४ प्रतिशतले बढेको छ । यस बर्ष भारतबाट मुख्यतया चामल, रसायन, धागो, प्लाष्टिकका दाना, एम.एस. विलेट, एम.एस. वायर रड, हट रोल्ड शीट, अलकत्रा, तयारी पोशाक र पोलिष्टर धागोको आयात बढेको छ भने औषधि, कपडा, यातायातका साधन तथा पुर्जा, विद्युतीय उपकरण तथा सामाग्री, रासायनिक मल र कोल्ड रोल्ड शीटको आयात घटेको छ । पेट्रोलियम पदार्थको आयात भने गत वर्षको प्रथम महिनाकै हाराहारीमा रहेको छ । अन्य मुलुकहरुबाट चिनी, कच्चा ऊन, टेक्सटाइल डाई, प्लाष्टिकका दाना, धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, स्टीलको तार, कम्प्यूटर तथा पुर्जाहरु, दूरसंचारका उपकरण तथा पूर्जाहरु, यातायातका साधन तथा पूर्जाहरु, विद्युतीय उपकरण तथा पुर्जाहरु, अन्य यान्त्रिक उपकरण तथा पुर्जाहरु र कपडाको आयात बढेको छ भने कच्चा नरिवल तेल, रासायनिक मल, टेलिभिजन, डेक तथा पुर्जाहरु एवं हवाईजहाजका पार्टपूर्जाको आयातमा ह्रास आएको छ ।

२९. आयातको संरचना हेर्दा भारतबाट भएको कुल आयातमा औद्योगिक कच्चापदार्थ तथा पूँजीगत सामानको २८.९ प्रतिशत र पेट्रोलियम पदार्थको २४.१ प्रतिशत अंश रहेको छ भने बाँकी ४७.० प्रतिशत उपभोग्य सहितका विविध वस्तुहरुको अंश रहेको छ । गत वर्षको सोही अवधिमा भारतबाट भएको आयातमा उक्त समूहगत वस्तुहरुको अंश क्रमश ४१.२ प्रतिशत, ३०.७ प्रतिशत र २८.१ प्रतिशत रहेको थियो । त्यसैगरी अन्य मुलुकबाट भएको आयातमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको अंश गत वर्ष ४९.७ प्रतिशत रहेकोमा यस बर्ष ६५.६ प्रतिशत रहन गएको छ ।

३०. कुल व्यापारमा भारतको अंश गत बर्षको ६४.३ प्रतिशतबाट यस बर्षको प्रथम महिनामा ६३.२ प्रतिशतमा झरेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार ३५.७ प्रतिशतबाट ३६.८ प्रतिशत पुगेको छ ।

३१. नेपालको कुल निर्यात/आयात अनुपात (Export/Import Ratio) गत बर्ष ४४.६ प्रतिशत रहेकोमा यस बर्ष यो अनुपात घटेर ३८.४ प्रतिशतमा झरेको छ । भारततर्फको निर्यात/आयात

अनुपात गत बर्ष ४१.७ प्रतिशत रहेकोमा यस बर्ष ४०.१ प्रतिशत पुगेको छ। अन्य मुलुकतर्फको उक्त अनुपात गत बर्ष ५०.१ प्रतिशत रहेकोमा यस बर्ष ३५.५ प्रतिशत रहेको छ।




## शोधनान्तर स्थिति

३२. मौद्रिक सर्वेक्षण अनुसार आर्थिक वर्ष २०६१।६२ को पहिलो महिनामा रु. ४२ करोड ७५ लाख शोधनान्तर बचत भएको छ। अघिल्लो बर्षको पहिलो महिनामा रु. २ अर्ब ६६ करोडको शोधनान्तर घाटा भएको थियो। खुद बैदेशिक ऋण र रेमिटान्स आप्रवाहमा बृद्धि यथावत कायम रहेकोले यस वर्ष शोधनान्तर बचत भएको हो।

३३. आर्थिक वर्ष २०६१।६२ मा चालु खाता (Current Account) रु. २९ अर्ब २४ करोडको उल्लेख्य बचत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. १४ अर्ब ६० करोड बचत भएको थियो। खुद सेवा आय तथा खुद आयमा क्रमश: ९४.९ प्रतिशत र २०६.७ प्रतिशतले ह्रास आएतापनि व्यापार घाटामा उल्लेख्य कमी तथा खुद ट्रान्सफर आयमा १५.० प्रतिशतको उत्साहजनक वृद्धिले गर्दा चालू खातामा यसरी बचत भएको हो। ट्रान्सफर आयतर्फ निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) अघिल्लो वर्षको ८.१ प्रतिशत वृद्धिको तुलनामा यस वर्ष ११.७ प्रतिशतले वृद्धि भई रु. ६५ अर्ब ४२ करोड पुगेको छ।


३४. पूँजीगत खाता अर्न्तगत आर्थिक वर्ष २०६१।६२ मा रु. १ अर्ब ५७ करोड बराबर पूँजीगत ट्रान्सफर प्राप्त भएको छ। अघिल्लो वर्ष पूँजीगत ट्रान्सफर रु. १ अर्ब ४५ करोड प्राप्त भएको थियो।

३५. वित्तीय खाता (Financial Account) को अन्य लगानी सम्पत्ति (Other Investment Assets) तर्फ व्यापारिक ऋण रु. १ अर्ब ७० करोडले बढेको छ। अन्य लगानी दायित्व (Other Investment Liabilities) तर्फ व्यापारिक ऋण (Trade Credit) रु. ५ अर्व ९० करोडले घटेको छ। यस वर्ष रु. ७ अर्ब २५ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. ५ अर्व ९५ करोड रहेको छ। फलस्वरुप, खुद सरकारी ऋण आप्रवाह रु. १ अर्ब ३० करोड भएको छ। गत वर्ष रु. ९ अर्व २४ करोड बराबर सरकारी ऋण आप्रवाह भएको थियो। समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. ७ करोडले घटेको छ।

## विदेशी विनिमय संचिति

३६. २०६१ श्रावण मसान्तमा कुल विदेशी विनिमय संचिति १९.२ प्रतिशतले वृद्धि भएको तुलनामा २०६२ श्रावण मसान्तमा यस्तो संचिति ४.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३२ अर्ब २४ करोड पुगेको छ। २०६१ श्रावणको तुलनामा २०६२ श्रावणमा परिवर्त्य बिदेशी विनिमय संचिति ८.८

प्रतिशतले वृद्धि भएको छ । गत वर्ष परिवर्त्य संचिति १९.५ प्रतिशतले बढेको थियो । खासगरि बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण आर्थिक वर्ष २०६२/६३ को पहिलो महिनामा परिवर्त्य संचिति बढेको हो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ९४.४ प्रतिशत रहेको छ । गत वर्ष यो अंश ९०.२ प्रतिशत रहेको थियो । अपरिवर्त्य संचिति यस अवधिमा ४०.० प्रतिशतले घटेको छ । गत बर्ष पनि अपरिवर्त्य संचिति १६.० प्रतिशतले घटेको थियो । विद्यमान कुल संचितिमा अपरिवर्त्य संचितिको अंश गत बर्षको ९.८ प्रतिशत बाट यस बर्ष ५.६ प्रतिशतमा झरेको छ । यस वर्षको पहिलो महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको बिद्यमान स्तरले ९.८ महिनाको वस्तु आयात र ८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

३७. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य गत बर्ष श्रावण मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४५.१३ रहेकोमा यस बर्षको सोही अवधिमा ४७.८ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ६६.७ पुगेको छ । यसै गरी सुनको मूल्य गत वर्ष श्रावण मसान्तको तुलनामा यस वर्ष श्रावण मसान्तमा १०.४ प्रतिशतले बृद्धि भई प्रति औंस अमेरिकी डलर ४०१.६५ बाट अमेरिकी डलर ४४३.५ पुगेको छ । २०६१ श्रावण मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु ७४.६४ रहेकोमा यस वर्षको श्रावण मसान्तमा ने.रु. ६.२ प्रतिशतले पुनर्मूल्यन भई सो दर रु. ७०.२५ मा झरेको छ ।

*****